बालिका तथा समावेशी शिक्षा रणनीति, २०८२

कोल्हवी नगरपालिका

बारा, मधेश प्रदेश, नेपाल

CamScanner

प्र.म.ा.०।४९०।(१२।८२।८३)
२०८२।८।११

परिच्छेद १: परिचय

१.१ भौगोलिक पृष्ठभूमि

कोल्हवी नगरपालिका मधेश प्रदेशको बारा जिल्लामा अवस्थित एक महत्त्वपूर्ण स्थानीय तह हो जसको कुल क्षेत्रफल १५७.४ वर्ग किलोमिटर रहेको छ। यो नगरपालिका करिब २७° ०' ९" देखि २७° १०' ४७" उत्तरी अक्षांश र ८५° ४' २६" देखि ८५° १२' ३०" पूर्वी देशान्तरमा पर्दछ भने यसको औसत समुद्री सतहबाट उचाइ लगभग १३१ मिटर छ। भौगोलिक रूपमा यो तराई क्षेत्रमा पर्दछ जहाँको भू-बनोट समतल र कृषि कार्यका लागि उपयुक्त मानिन्छ। यसको पूर्वमा रौतहट जिल्ला, पश्चिममा जीतपुर सिमरा उप-महानगरपालिका, कलैया उप-महानगरपालिका र करैयामाई गाउँपालिका, उत्तरमा निजगढ नगरपालिका र दक्षिणमा बारा गढी गाउँपालिका तथा करैयामाई गाउँपालिका रहेका

१.२ शैक्षिक पृष्ठभूमि

कोल्हवी नगरपालिकामा हाल ३५ वटा सामुदायिक र १५ वटा संस्थागत विद्यालयहरू सञ्चालनमा छन्, जसमा बालविकासदेखि कक्षा १२ सम्मका विद्यार्थीहरूले अध्ययन गरिरहेका छन्। तथापि, यहाँको शिक्षा तथ्याङ्कहरूको अनौपचारिक विश्लेषण गर्दा बालिकाहरूको विद्यालय बाहिर रहने दर अझै पनि उच्च रहेको देखिन्छ, जसले लैङ्गिक असमानताको गहिरो समस्यालाई सङ्केत गर्दछ। प्रारम्भिक विवाह, घरेलु कामको बोझ, र सामाजिक तथा सांस्कृतिक मान्यताहरूले बालिकाहरूको शिक्षामा पहुँचमा बाधा पुर्‍याउने प्रमुख कारणहरू हुन्। साथै, शैक्षिक सामग्री र पाठ्यक्रममा महिलाको न्यून प्रतिनिधित्वले पनि शिक्षामा लैङ्गिक पूर्वाग्रहलाई बल दिन्छ भन्ने मानिन्छ।

यस चुनौतीलाई सम्बोधन गर्न स्थानीय तहले शिक्षा नीतिहरूमा लैङ्गिक समावेशीता सुनिश्चित गर्ने, प्रारम्भिक बालविकास कक्षाको पहुँच विस्तार गर्ने, बालिकामैत्री पूर्वाधार विकास गर्ने (जस्तै छुट्टै शौचालय), र समुदायस्तरमा बालिकाको शिक्षा प्रवर्द्धनका लागि सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्ने आवश्यकता छ। यसका अतिरिक्त, शिक्षा बजेटमा लैङ्गिक समावेशी दृष्टिकोण अपनाएर लक्षित कार्यक्रमहरू सञ्चालन गर्दा कोल्हवीमा समावेशी र न्यायोचित शिक्षातर्फ महत्त्वपूर्ण सुधार ल्याउन सकिनेछ।

१.३ समस्या र चुनौती

कोल्हवी नगरपालिकामा शिक्षा क्षेत्रमा **लैङ्गिक समानता, सामाजिक समावेशिता** (GESI) **र लैङ्गिक समानता तथा अपाङ्गता समावेशीता** (GEDSI) **को प्रभावकारी कार्यान्वयन** गर्ने आवश्यकता तीव्र रूपमा देखिएको छ। यहाँका **बालिका, अपाङ्गता भएका बालबालिका र सीमान्तकृत समुदायका बालबालिकाहरू** अझै पनि शिक्षाको मूलधारबाट वञ्चित हुने अवस्थामा छन्। यसको मुख्य कारण **सामाजिक रूढीवादी सोच**, पर्याप्त **नीतिगत र कानूनी आधारको अभाव**, र विद्यालय तथा प्रशासनिक संयन्त्रमा **GEDSI समावेशी दृष्टिकोणको कमी** नै हो।

राम प्रसाद चौधरी
नगर प्रमुख

CamScanner

विशेषतः, अपाङ्गता भएका बालबालिकाहरूका लागि **पहुँचयोग्य भौतिक पूर्वाधार, सहायक प्रविधि, र शिक्षक क्षमता अभिवृद्धि** अझै अपूरो छ, जसले समावेशी सिकाइ वातावरण सिर्जना गर्न कठिन बनाएको छ। GESI तथा GEDSI आधारित शिक्षाको प्रभावकारी कार्यान्वयनको लागि विद्यालयहरूमा बालिका, अपाङ्गता भएका र सीमान्तकृत समुदायका बालबालिकाहरूको आवश्यकताअनुसार **पाठ्यक्रम र मूल्याङ्कन प्रणाली अनुकूलन गर्नु आवश्यक छ।** यस्ता समूहका बालबालिकालाई लक्षित गरिएका नीति कार्यक्रमहरू केवल घोषणामा मात्र सीमित नभई **व्यवहारमा कार्यान्वयन गर्न** शिक्षकहरूलाई नियमित तालिम, पुनर्ताजगी प्रशिक्षण, र समावेशी शिक्षा उपकरणहरूको पहुँच आवश्यक हुन्छ। त्यस्तै, स्थानीय सरकार, समुदाय र विद्यालयबीच **समन्वयमा आधारित उत्तरदायी संरचना विकास गरी** शिक्षा क्षेत्रमा GEDSI केन्द्रीत परिवर्तनलाई **संस्थागत सुधारको खाँचो** छ।

१.४ आवश्यकता

समावेशी शिक्षालाई व्यवहारमा उतार्न एउटा बलियो रणनीतिको खाँचो छ। यस्तो रणनीति जसले सबै बालबालिकालाई—विशेषगरी बालिका, अपाङ्गता भएका र सीमान्तकृत समुदायका बालबालिकालाई—गुणस्तरीय र समान शिक्षा सुनिश्चित गर्न सकोस्। समाजको विविधताको कदर गर्न, सबैलाई समान अवसर दिन, र समुदायको सक्रिय सहभागिता बढाउनका लागि यस्तो शिक्षा रणनीति आवश्यक छ। यसले समुदायभित्र शान्ति, एकता र समावेशी वातावरण बनाउन मद्दत गर्छ।

१.५ दृष्टिकोण, सिद्धान्त र मान्यता

समावेशी शिक्षा रणनीतिले समस्यालाई मात्र हेर्ने परम्परागत सोचलाई चुनौती दिँदै बालबालिकाको विविध आवश्यकतालाई स्वीकार गर्छ। यसले विद्यालय, समुदाय र सरकारलाई जवाफदेही बनाउँदै सबै बालबालिकाले सिक्न सक्छन् भन्ने विश्वासमा आधारित शैक्षिक प्रणालीलाई लचिलो, समावेशी र न्यायपूर्ण बनाउँछ। यसरी, विविध सांस्कृतिक, भाषिक र शारीरिक अवस्थालाई समेटेर समान सहभागिता र अवसर सुनिश्चित गरिन्छ।

१.६ विद्यालय सुधार योजनामा अनुकूलन

कोल्हबी नगरपालिकाभित्रका सबै विद्यालयले बनाउने सुधार योजनामा बालिका, अपाङ्गता भएका र सीमान्तकृत बालबालिकाको सामाजिक तथा शैक्षिक अवस्थालाई अनिवार्य रूपमा समेट्नुपर्छ। यस्तो योजना निर्माण गर्दा **समावेशी दृष्टिकोण अपनाउँदै आवश्यकताका आधारमा स्पष्ट लक्ष्य र गतिविधिहरू तय गरिनुपर्छ।** साथै, **विद्यालय, वडा कार्यालय र नगरपालिकाले आफ्नो शैक्षिक बजेटमा समावेशी कार्यक्रमहरू र अपाङ्गतामैत्री संरचना निर्माणलाई प्राथमिकता दिँदै यस रणनीतिक कार्यान्वयनलाई थप सुदृढ बनाउनुपर्दछ।**

परिच्छेद २:

दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य र प्राथमिकता

राम प्रसाद चौधरी
नगर प्रमुख

कोल्हवी नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोल्हवी, बारा मधेश प्रदेश, नेपाल

राम प्रसाद चौधरी
नगर प्रमुख

२.१ दीर्घकालीन सोच (Vision)

लैङ्गिक समानता, समावेशिता र समतामा आधारित शिक्षा मार्फत सबैका लागि समान, सुरक्षित र गुणस्तरीय शिक्षाको सुनिश्चितता गर्ने।

२.२ लक्ष्य (Goal)

बालिका, अपाङ्गता भएका तथा सीमान्तकृत समुदायका बालबालिकाको पहुँच, सहभागिता र सिकाइ उपलब्धिमा सुधार गर्दै उनीहरूका लागि समान, सुरक्षित र गुणस्तरीय शिक्षा प्रवर्द्धन गर्ने।

२.३ उद्देश्य र रणनीति (Objectives and Strategies)

उद्देश्य २.३.१: बालिका, अपाङ्गता भएका र सीमान्तकृत समुदायका बालबालिकाका लागि **सुलभ, सुरक्षित र संरक्षित वातावरणमा समावेशी विद्यालय शिक्षा सुनिश्चित गर्ने।**

उद्देश्य २.३.२

लैङ्गिक र समावेशी उपागममा आधारित नीतिगत ढाँचा र कार्यविधि निर्माण।

रणनीतिहरू:

- नीति निर्माणमा लक्षित समुदायको सहभागिता सुनिश्चित।
- स्थानीय तहमा बालिकामैत्री शिक्षा कार्यविधिको विकास।
- विद्यालय शिक्षाको मूलप्रवाहीकरण।
- पालिका योजना तथा नीतिमा लैङ्गिक समावेशी विषय समावेश।

उद्देश्य २.३.३

बालिका तथा समावेशी शिक्षासम्बन्धी सञ्जाल तथा संरचना निर्माण र सशक्तीकरण।

रणनीतिहरू:

- समिति तथा सञ्जालमा लक्षित समूहको प्रतिनिधित्व सुनिश्चित।
- नीति पैरवी र सशक्तीकरण क्षमता विकास।
- समावेशी शैक्षिक सूचक समेट्ने योजना विकास।

उद्देश्य २.३.४

लक्षित समूहको सिकाइ उपलब्धिमा सुधारका लागि सहजीकरण।

राम प्रसाद चौधरी
नगर प्रमुख

रणनीतिहरू:

- विद्यालयलाई परीक्षाफल सुधारका कार्यक्रममा सहयोग।
- शिक्षक र विद्यार्थीको उपस्थिति वृद्धि।
- पालिका तहमा सिकाइ मूल्याङ्कन कार्यक्रम सञ्चालन।
- परीक्षा प्रणालीलाई अपाङ्गता मैत्री बनाउने।

उद्देश्य २.३.५

समावेशी शिक्षाको प्रवर्द्धनका लागि जनचेतना अभिवृद्धि।

रणनीतिहरू:

- सामुदायिक स्तरमा चेतनामूलक कार्यक्रम।
- बाल सञ्जाल, बालक्लब आदिको गठन र क्षमता विकास।
- अभिभावक शिक्षाका कार्यक्रम।
- विविध सूचना सामग्री प्रकाशन र प्रचार-प्रसार।

उद्देश्य २.३.६

समन्वय र सहजीकरण मार्फत कार्यक्रमको प्रभावकारी कार्यान्वयन सुनिश्चित।

रणनीतिहरू:

- बैठकमार्फत समस्या र समाधानको छलफल।
- संयन्त्रमा स्पष्ट जिम्मेवारी तोक्ने।
- प्रभावकारी सञ्चार प्रणालीको विकास।

उद्देश्य २.३.७

नतिजा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणालीको स्थापना।

रणनीतिहरू:

- निरन्तर अनुगमन प्रणाली स्थापना।
- लक्षित समूहसम्बन्धी तथ्याङ्क संकलन र मामिला अध्ययन।
- नीति निर्माणमा तथ्याङ्कको उपयोग।

राम प्रसाद चौधरी
नगर प्रमुख

उद्देश्य २.३.८

शैक्षिक कार्यक्रमको कार्यान्वयनमा गुणस्तर सुधार।

रणनीतिहरू:

- पठनपाठन सुधारका कार्यक्रम सञ्चालन।
- कक्षा व्यवस्थापनमा समता।
- अवसर लागत न्यूनीकरण।
- बहुभाषिक शिक्षा र बहुपाठ्यपुस्तकको प्रयोग।

परिच्छेद ३

कार्यान्वयन योजना र अनुगमन (Implementation and Monitoring Framework)

४.१ कार्यान्वयन तथा अनुगमन कार्ययोजना

	उद्देश्य	क्रियाकलाप	प्रतिफल	जिम्मेवार पक्ष	समय	अनुगमन सूचक
१	बालिका, अपाङ्गता भएका तथा सीमान्तकृत बालिकालाई पहुँच योग्य, सुरक्षित र संरक्षित वातावरणयुक्त समावेशी विद्यालय शिक्षाको सुनिश्चितता गर्ने।	आवधिक योजना तथा वार्षिक कार्यक्रम निर्माण	परिमार्जित आवधिक योजना पुस्तिका र वार्षिक नीति तथा कार्यक्रम पुस्तिका	योजना समिति, नगर शिक्षा समिति र शिक्षा शाखा	आवधिक योजनाको समीक्षांको समयमा र नगर सभाको समयमा	आवधिक योजना पुस्तिकामा समाविष्ट रणनीति र वार्षिक नीति तथा कार्यक्रम र वार्षिक बजेट पुस्तकमा कार्यक्रम र बजेट विवरण
		अपाङ्गता प्रमाणिंत भएका बालबालिकाको जन्मदर्ता, विद्यालय भर्ना तथा पुनर्स्थापना गर्ने	जन्मदर्ता र विद्यालय भर्नाबाट अपाङ्गता भएका बालबालिकाको अभिलेख	स्थानीय तह पञ्जीकरण शाखा र महिला तथा बालबालिका शाखा		
		अवरोधमुक्त, सुरक्षित र समावेशी भौतिक पूर्वाधारको विकास	साङ्ग र सबै प्रकारका अपाङ्गता भएका बालबालिकाहरुलाई पहुँच मार्ग, प्रवेशद्वार, स्कुलको आँगन, कक्षाकोठा, पुस्तकालय, प्रयोगशाला, पुग्ने सिँढी, ढोकाहरुमा सहजै आवतजावत गर्न सकिने र दिनभर कक्षाकोठामा बसेर पढन सकिने सुविधा	पालिकाका भौतिक निर्माणका प्राविधिक कर्मचारी, विद्यालयका निर्माण समिति र प्रधानाध्यापक	भवन निर्माण र मरम्मतको समयमा	पहुँच मार्ग, प्रवेशद्वार, स्कुलको आँगन, कक्षाकोठा पुग्ने सिँढी, ढोकाहरुको अवस्था शौचालय धारापानी

राम प्रसाद चौधरी
नगर प्रमुख

CamScanner

	उद्देश्य	क्रियाकलाप	प्रतिफल	जिम्मेवारी पक्ष	समय	अनुगमन सूचक
		शैक्षिक सुपरिवेक्षण, अनुगमन र मूल्याङ्कन नीति निर्माण	पहुँच योग्य, सुरक्षित र संरक्षित वातावरणयुक्त समावेशी विद्यालयको उपलब्धता	पालिकाको अनुगमन शाखाका प्राविधिक कर्मचारी, विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापक	अनुगमनको समयमा निरन्तर	पालिकामा बनेका शैक्षिक सुपरिवेक्षण, अनुगमन र मूल्याङ्कनका नीतिहरु
		व्यक्तिगत स्थिति सर्वेक्षण गर्न सहजीकरण गर्ने	सर्वेक्षण प्रतिवेदन उपलब्ध	शिक्षा शाखा	हरेक शैक्षिक सत्र शुरु हुनुअगावै	सर्वेक्षण फाराम, सर्वेक्षक र सर्वेक्षण प्रतिवेदन
		विद्यालयमा न्यूनतम सक्षमताको अवस्था (Minimum Enabling Conditions) सिर्जना गर्न सहयोग गर्ने	विद्यालयमा न्यूनतम सक्षमता सुविधा	पालिकाका अनुगमन शाखाका प्राविधिक कर्मचारी, शिक्षा शाखा, विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापक	निरन्तर	बैठक र निर्णय, न्यूनतम सक्षमता सुविधाका सूचकहरु र भौतिक सुविधाका सूचकहरु
		बालिका, अपाङ्गतामैत्री र समावेशी पठनपाठन र मूल्याङ्कन नीति	हिंसामुक्त र लैङ्गिक मैत्री पठनपाठन र मूल्याङ्कन विधिहरुको प्रयोग	प्रधानाध्यापक, शिक्षक र बालक्लब	पठनपाठन र मूल्याङ्कनको समयमा निरन्तर	पठपाठन विधि र परीक्षाका प्रश्नपत्र र आन्तरिक मूल्याङ्कन विधि
२	बालिकामैत्री, लैङ्गिक र समावेशी उपागममा आधारित स्थानीय तहको शिक्षा योजना, नीति र कार्यविधि निर्माण गर्ने।	योजना र नीति निर्माणमा सुविधाविहीन समुदायमा पर्ने अपाङ्गता भएका, तेस्रो लिङ्गी, आर्थिक रुपले विपन्न, दलित, सीमान्तकृत समुदायका बालबालिका लगायतको लक्षित समूहको सहभागिता	लक्षित समूहको सन्तुष्टि र विद्यालय शिक्षामा बालिका, अपाङ्गता भएका र सिमान्तकृत समुदायका बालिकाहरुको उत्साहजनक सहभागिता	योजना समिति, नगर शिक्षा समिति र शिक्षा शाखा	योजनाको निर्माण र परिमार्जन भएको समयमा निरन्तर	शिक्षा योजना, लैङ्गिक शिक्षा नीति
		बालिका, अपाङ्गता भएका र सीमान्तकृत समुदायका बालबालिका लागि समावेशी शिक्षा कार्यविधि निर्माण	समावेशी शिक्षा कार्यविधि	कार्यपालिका, नगर शिक्षा समिति, सामाजिक विकास समिति र शिक्षा शाखा	रणनीति बनेपछि	बैठकको उपस्थिति, पालिका प्रमुखबाट प्रमाणित कार्यविधि
		बालिका, सबै प्रकारका अपाङ्गता	बालिका, सबै प्रकारका अपाङ्गता भएका र	कार्यपालिका, नगर शिक्षा	विद्यालय शिक्षामा निरन्तर	कक्षामा निरन्तर उपस्थिति र

राम प्रसाद चौधरी
नगर प्रमुख

CamScanner

	उद्देश्य	क्रियाकलाप	प्रतिफल	जिम्मेवार पक्ष	समय	अनुगमन सूचक
		भएका र सीमान्तकृत समुदायका बालिकालाई विद्यालय शिक्षाको मूलप्रवाहीकरणमा समेटने कार्यक्रमको सञ्चालन	सीमान्तकृत समुदायका बालिकालाई विद्यालय शिक्षाको मूलप्रवाहीकरणमा समेटिएको अनुभूति	समिति, सामाजिक विकास समिति र शिक्षा शाखा		अभिभावकको प्रतिक्रिया
		लैङ्गिक संवेदनशीलता, लैगिक समता, लैङ्गिक मूलप्रवाहीकरण, लैङ्गिक उत्तरदायी शिक्षण विषयका रणनीति निर्माण र परिमार्जन	रणनीति पुस्तिकाको छपाइ, प्रकाशन र वितरण	कार्यपालिका, नगर शिक्षा समिति, सामाजिक विकास समिति, शिक्षा शाखा र महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा	निरन्तर	बैठकको उपस्थिति, प्रमाणित रणनीति पुस्तिका र उपलब्धता
		बालिका, सीमान्तकृत समुदायका र अपाङ्गता भएका छात्राहरु बढी लाभान्वित हुने शैक्षिक योजना, नीतिं निर्माण र कार्यक्रम बजेट	छात्रवृत्ति, साइकल, ह्वील चेयर, झोला, पोसाक, बचत योजना जस्ता प्रोत्साहनमूलक कार्यक्रमहरु	योजना शाखा, शिक्षा शाखा र महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा, वडा कार्यालय, विद्यालय	शैक्षिक सत्र शुरुको समयमा	प्रोत्साहनमूलक कार्यक्रमको विवरण, निर्णय र लाभान्वित हुने छात्राहरुको सङ्ख्या
		न्याय र समतामा आधारित कार्यक्रम	बेटी बचाऊ, बेटी पढाऊ कार्यक्रम लागू गर्ने बालिका बचत कार्यक्रम सिमान्तकृत समुदायका बालिकाका लागि टोलमा थप कक्षा सञ्चालन	शिक्षा शाखा र महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा, वडा कार्यालय, विद्यालय	निरन्तर	निर्णय,कार्यक्रमको नारा, समुदायमा नाराकव प्रभाव, बचत कार्यक्रम को कार्यविधि, बचत विधि, थप कक्षाको समय तालिका, थप कक्षामा उपस्थित विद्यार्थी
		स्थानीय तहको शिक्षा योजनामा सम्बन्धी स्थानीय तहको क्षमता विकास	स्थानीय तहको शिषा योजनाको उपलब्धता र वेब साइटमा प्रकान	शिक्षा शाखा र योजना निर्माणमा खटिने प्राविधिक समूह	शैक्षिक सत्र शुरु हुनु अगावै	तयारी बैठक, शैक्षिक तथ्याङ्क सङ्कलनको वेधता र विश्वसनियता
		शिक्षक दरबन्दी मिलान र तहगत विद्यालय प्रधनाध्यापक व्यवस्थापनमा महिला शिक्षकको अनुपात र	दरबन्दी मिलान भएका र तहगत विद्यालयमा महिला शिक्षक र महिला प्रधानाध्यापक	कार्यपालिका, नगर शिक्षा समिति, सामाजिक विकास समिति,	शैक्षिक सत्र शुरु हुनु अगावै र निरन्तर	शिक्षक दरबन्दीको तथ्याङ्क, दरबन्दी मिलान कार्यविधि, तहगत शिक्षक दरबन्दीको अवस्था, महिला

राम प्रसाद चौधरी
नगर प्रमुख

CamScanner

राम प्रसाद चौधरी
नगर प्रमुख

	उद्देश्य	क्रियाकलाप	प्रतिफल	जिम्मेवार पक्ष	समय	अनुगमन सूचक
		सहभागितालाई प्राथमिकता दिने		शिक्षा शाखा, महिला शाखा		प्रधानाध्यापकको व्यवस्था
		बालिका तथा समावेशी शिक्षा सम्बन्धी अवस्था चित्र (Fact sheet) विकास जारी गर्ने र प्रत्यैक वर्ष अद्यावधिक गर्ने	बालिका तथा समावेशी शिक्षा सम्बन्धी अवस्था चित्र उपलब्ध	नगर शिक्षा समिति, सामाजिक विकास समिति, शिक्षा शाखा	प्रत्येक वर्ष निरन्तर	तथयाङ्क सङ्कलन, बैठक माइन्युट, निर्णय, जारी गरिएको अवस्था चित्र
३	स्थानीय तह र विद्यालयमा बालिका तथा समावेशी शिक्षासम्बन्धी सञ्जाल गठन, पुनर्गठन गर्ने।	बालिका तथा समावेशी शिक्षा सञ्जालको रणनीतिक योजना तर्जुमा गर्ने	रणनीतिक योजनाको उपलब्धता	नगर शिक्षा समिति, न्यायिक समिति, महिला शाखा, सामाजिक विकास समिति, शिक्षा शाखा	आगामी आ.व.को शुरुमा	योजना तर्जुमा कार्यशालाको सङ्ख्या र उपस्थिति, योजना तर्जुमा प्रक्रिया, योजनाको खाका र व्यावहारिकता
		विभिन्न समितिहरुमा बालिका, अपाङ्गता भएका र सीमान्तकृत समुदायका महिलाको प्रतिनिधत्व हुने व्यवस्था	बालिका, अपाङ्गता भएका र सीमान्तकृत समुदायका महिलाहरु सक्रिय र उत्साहित भएको देखिने	नगर शिक्षा समिति, सामाजिक विकास समिति, शिक्षा शाखा, महिला शाखा	निरन्तर	समितिको संरचना, समावेशी सहभागिता र महिला पुरुषको अनुपात
		बालिका तथा समावेशी शिक्षा र सीमान्तकृत समुदायको हीत हुने नीतिको पक्ष र नीति कार्यान्वयनमा पैरवी गर्ने क्षमता विकास	बैठक, गोष्ठी, कार्यशाला, अभियान, दिवस, भेलाहरुमा बालिका, अपाङ्गता भएका र सीमान्तकृत समुदायका व्यक्तिहरुको प्रभावकारी सञ्चार सीप	नगर शिक्षा समिति, सामाजिक विकास समिति, शिक्षा शाखा, महिला शाखा	निरन्तर	उपस्थिति, मुद्दाहरु, छलफलमा सहभागिता, निर्णय, पैरवीमा अडान, सन्तुष्टि, द्वन्द्व व्यवस्थापन
		बालिका, अपाङ्गता भएका व्यक्ति र सुविधा विहीन समुदायलाई सशक्तीकरण गर्ने नीति र कार्यक्रम तर्जुमा	सशक्तिकरणका कार्यक्रम समावेश भएको पालिकाको वार्षिक नीति र कार्यक्रम तथा बजेट	योजना निर्माण समिति, आर्थिक समिति, नगर शिक्षा समिति, सामाजिक विकास समिति, शिक्षा शाखा, महिला शाखा	प्रत्येक वर्ष असार महिनाको बजेट नगरसभा	नीति र कार्यक्रमको प्रकार, सङ्ख्या, बजेट, बजेटको स्रोत, कार्यान्वयनमा सहजता,
		समावेशी शैक्षिक सूचकलाई शिक्षा योजनामा समावेश	पालिकामा समावेशी शैक्षिक सूचकहरु समावेश भएको विद्यालय शिक्षा क्षेत्रको योजना र विद्यालयमा विद्यालयको सुधार योजना	नगर शिक्षा समिति, सामाजिक विकास समिति, शिक्षा शाखा, महिला शाखा, विद्यालय व्यवस्थापन	लगत्तै र निरन्तर	सूचकहरुको प्रकार र सङ्ख्या, विद्यालय शिक्षा क्षेत्रको योजना, शेक्षिक झलक, विद्यालय सुधार योजना

राम प्रसाद चौधरी
नगर प्रमुख

CamScanner

राम प्रसाद चौधरी
नगर प्रमुख

	उद्देश्य	क्रियाकलाप	प्रतिफल	जिम्मेवार पक्ष	समय	अनुगमन सूचक
				समिति, प्रधानाध्यापक र बालक्लब		
		लैङ्गिक सम्पर्क व्यक्तिको व्यवस्थालाई कार्यान्वयन र सुदृढीकरण गर्ने	पालिका, वडा कार्यालय, स्वास्थ्य चौकी, विद्यालय, स्थानीय शैक्षिक सङ्घ संस्थाहरुमा लैङ्गिक सम्पर्क व्यक्तिको उपलब्धता	सामाजिक विकास समिति, लैङ्गिक तथा समावेशी शिक्षा सञ्जाल, शिक्षा शाखा, महिला शाखा, विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक र बालक्लब	निरन्तर	निर्णय, लैङ्गिक सम्पर्क व्यक्तिको व्यवस्था, जानकारी र फ्लेक्समा प्रदर्शन
		बालिका तथा समावेशी शिक्षा सञ्जालमा विद्यालय नर्स / वडाका आधारभूत स्वास्थ्य केन्द्रका नर्सको सहभागिता सुनिश्चित तगर्ने	विद्यालय नर्सको व्यवस्था र विद्यालय नर्सबाट बालिकाहरुको समस्या पहिचान र समाधानका उपायहरुको सिफारिस	सञ्जाल, शिक्षा शाखा, महिला शाखा, विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक र बालक्लब	निरन्तर	नर्सको उपस्थिति, समस्या र समाधानका उपायहरुको सूची
४	बालिका, अपाङ्गता भएका तथा सीमान्तकृत बालबालिकाको सिकाइ उपलब्धिमा सुधार गर्न सहजीकरण गर्ने।	परीक्षाको नतिजा सुधारका कार्यक्रमहरु जस्तै: उपचारात्मक शिक्षण, कोचिङ कक्षा आदि सञ्चालन गर्न विद्यालयलाई आर्थिक सहायता र तालिमको व्यवस्था	परीक्षाको नतिजा सुधारका कार्यक्रमहरुको सञ्चालन, विद्यालयलाई अनुदान र शिक्षक तालिम	नगर शिक्षा समिति, सामाजिक विकास समिति, शिक्षा शाखा, महिला शाखा, विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक र बालक्लब	वर्षमा २ पटक	परीक्षाको नतिजा सुधारका कार्यक्रमहरुको विवरण, नमुना परीक्षा, विद्यालयलाई अनुदान रकम, शिक्षक तालिमको पाठ्यक्रम र तालिम प्राप्त शिक्षक
		विद्यालयमा सञ्चालन अवस्था (विद्यालयमा पठनपाठन हुने दिन, शिक्षक र विद्यार्थी उपस्थिति) मा वृद्धि	विद्यालयमा पठनपाठन हुने दिन, विद्यार्थी उपस्थिति र शिक्षक उपस्थिति दिनको सङ्ख्या उच्च	शिक्षा शाखा, महिला शाखा, विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक र शिक्षक	निरन्तर	विद्यालयमा पठनपाठन हुने दिन, विद्यार्थी उपस्थिति र शिक्षक उपस्थिति दिनको सङ्ख्या
		पालिकास्तरीय सिकाइ उपलब्धि परीक्षण गर्ने गराउने	कक्षा ३, कक्षा ५ र कक्षा ८ को नमुना सिकाइ उपलब्धि परीक्षण प्रतिवेदहरु तयार	शिक्षा शाखा, महिला शाखा, विद्यालय व्यवस्थापन	शैक्षिक वर्षमा एक पटक	निर्णय, कार्यक्रम प्रस्ताव, नमुना छनौट, परीक्षण साधन, परीक्षण समिति,

राम प्रसाद चौधरी
नगर प्रमुख

CamScanner

	उद्देश्य	क्रियाकलाप	प्रतिफल	जिम्मेवार पक्ष	समय	अनुमानित सूचक
				[illegible] समिति, [illegible] प्रधानाध्यापक [illegible] शाखा,		विद्यालयमा बैठक, अनुगमन, मूल्याङ्कनका साधन, प्रतिवेदन
		स्रोतकक्षाहरुको सञ्चालन तथा व्यवस्थापन सुदृढ गर्ने	पालिका कम्तिमा एक ओटा समावेशी पठनपाठनको स्रोतकक्षा	शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक, स्रोतशिक्षक	निरन्तर	स्रोतकक्षाको स्थापना, कक्षाकोठा, बजेट रकम, पठनपाठन विधि, विद्यार्थी सङ्ख्या, स्रोतशिक्षकको उपलब्धता र प्रभावकारिता
		प्रारम्भिक तहका कक्षामा सीमान्तकृत समुदायको मातृभाषामा पठनपाठनको व्यवस्था गर्ने	प्रारम्भिक तहका कक्षामा सीमान्तकृत समुदायको मातृभाषामा पठनपाठन र प्रसन्न बालिका	शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक, मातृभाषामा पठनपाठन गर्ने शिक्षक	निरन्तर	मातृभाषामा पढ्ने विद्यार्थी, पठनपाठन गर्ने शिक्षक, मातृभाषामा पठनपाठन भइरहेको कक्षा
		लैङ्गिक भेदभाव र हिंसा अन्त्य गर्न गुनासो सुनुवाइसम्बन्धी संयन्त्रलाई व्यवस्थित गर्ने र तनावमुक्त सिकाइ वातावरण निर्माण गर्ने	गुनासो सुनुवाइ संसन्त्रको गठन तनावमुक्त बालिका र अपाङगता भएका र सीमान्तृक समुदायका बालिका	शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक, मातृभाषामा पठनपाठन गर्ने शिक्षक	निरन्तर	गुनासो सुनुवाई संयन्त्र, कार्यविधि, तनावव मुक्त बालिका र अपाङ्गता भएका बालिका
५	बालिका, अपाङ्गता भएका तथा सीमान्तकृत बालबालिकाको शिक्षाको बारेमा सचेतीकरण गर्ने।	बालिका, अपाङ्गता भएका तथा सीमान्तकृत बालबालिकाको शिक्षाबारेमा प्रबोधीकरण	श्रव्य, दृश्य, पाठ्य र डिजिटल सामग्रीहरु तयार	शिक्षा शाखा, महिला शाखा र खरिद शाखा	निरन्तर	श्रव्य, दृश्य, पाठ्य र डिजिटल सामग्रीहरुको प्रकार, गुणस्तर र प्रभावकारिता
		बालिका सञ्जाल, बालक्लब, स्काउट, जुनियर रेडक्रस आदिको गठन गर्ने र क्षमता विकास कार्यक्रम प्रदान	बालिका सञ्जाल, बालक्लब, स्काउट, जुनियर रेडक्रस गठन र क्षमता विकासका कार्यक्रमहरुको विकास र सञ्चालन	शिक्षा शाखा, महिला शाखा	निरन्तर	सञ्जाल र क्लबहरुको गठन, समितिको पूर्णता, सक्रियता, तालिमको पाठ्यक्रम, क्षमता विकासको स्वरुप र प्रभावकारिता
		अभिभावकको संलग्नता र भूमिका विषयमा अभिभावक	अभिभावक शिक्षा कार्यक्रम सञ्चालन	शिक्षा शाखा, महिला शाखा र विद्यालय	वर्षमा एक पटक	अभिभावक शिक्षाको स्रोत सामग्री र

CamScanner

	उद्देश्य	क्रियाकलाप	प्रतिफल	जिम्मेवार पक्ष	समय	अनुगमन सूचक
		शिक्षाका कार्यक्रमहरु सञ्चालन				अभिभावक शिक्षा तालिमको कार्यक्रम
		पुस्तक, ब्रोस्योर, पर्चा, घरमा राखिने भित्तेपात्रो खोजपुस्तक चित्र पुस्तक, फ्लिप चार्ट आदि जस्ता छापाका सामग्रीको प्रकाशन	छापाका सामग्री उपलब्ध	शिक्षा शाखा, महिला शाखा र खरिद शाखा	वर्षमा एक पटक	छापाका सामग्रीको भौतिक र शैक्षिक गुणस्तर, विषयवस्तु, उपलब्ध सङ्ख्या, प्रयोजन, प्रयोगकर्ता
		गाउँ, टोल, चोक र सार्वजनिक स्थलहरुमा ब्यानर र साइनबोर्डहरु प्रदर्शन	ब्यानर र साइनबोर्डहरु	शिक्षा शाखा, महिला शाखा र वडा कार्यालय	वर्षमा एक पटक	गुणस्तर, विषयवस्तु, उपलब्ध सङ्ख्या, प्रयोजन, प्रयोगकर्ता
		स्थानीय एफएम रेडियोहरुबाट सन्देश, नारा, अनुरोध आदि प्रसारण	सन्देश, नारा, अनुरोध आदि जस्ता सन्देशहरु प्रसारण	शिक्षा शाखा, महिला शाखा	निरन्तर	सान्दर्भिकता, भौतिक गुणस्तर र निरन्तरता
		सामाजिक सञ्जालहरुमार्फत् छोटो भिडियो क्लिप, जानकारी आदिको प्रचार-प्रसार	सामाजिक सञ्जालहरुमा छोटो भिडियो क्लिप, जानकारी आदिमा उपलब्ध	शिक्षा शाखा, महिला शाखा	निरन्तर	सान्दर्भिकता, भौतिक र डिजिटल गुणस्तर, निरन्तरता
		बालविवाह रोकथाम गरी पढाइलेखाइलाई जारी राख्न प्रोत्साहित गर्ने	बालविवाह अस्वीकार गर्ने र पढाइ लेखाइ जारी राख्ने बालिकाको सङ्ख्या	शिक्षा शाखा, महिला शाखा, बालिका सञ्जाल, बालक्लब	निरन्तर	बालविवाहको सङ्ख्या, विद्यालयमा किशोरीहरुको सङ्ख्या र विद्यालय टिकाउ दर
६	बालिका तथा समावेशी शैक्षिक कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि समन्वय र सहजीकरण गर्ने।	पालिका र वडास्तरीय समितिहरुको बैठकमा बालिका, अपाङ्गता भएका तथा सीमान्तकृत बालबालिकाको शिक्षाको लागि देखापरेका समस्या र समाधनका उपायहरुका बारेमा छलफल	पालिका र वडास्तरीय समितिहरुको बैठकमा बालिका, अपाङ्गता भएका तथा सीमान्तकृत बालबालिकाको शिक्षाको लागि देखापरेका समस्या र समाधनका उपायहरुका बारेमा निर्णयहरु पारित	कार्यपालिका र विषयगत समिति, शाखागत समितिका पदाधिकारी र विषयगत शाखाका कर्मचारी	निरन्तर	बैठक सङ्ख्या, सहभागी विवरण, उपस्थिति, प्रस्ताव, छलफल, बहस, निर्णय र निष्कर्ष
		नछुटने र नदोहोरिने गरी संयन्त्रमा रहने सबै सदस्यहरुको काम, कर्तव्य र भूमिकाको विवरण तयारी रअद्यावधिककरण	काम, कर्तव्य र भूमिकाको सूची	लैङ्गिक समिति, शिक्षा शाखा र महिला शाखा	वर्षमा एक पटक	काम, कर्तव्य र भूमिकाको स्पष्टता र व्यावहारिकता

राम प्रसाद चौधरी
नगर प्रमुख

राम प्रसाद चौधरी
नगर प्रमुख

	उद्देश्य	क्रियाकलाप	प्रतिफल	जिम्मेवार पक्ष	समय	अनुगमन सूचक
		उद्देश्य, कार्यक्रम र प्रगतिको बारेमा नियमित र स्पष्ट सञ्चार प्रवाह हुने व्यवस्था	बैठक, गोष्ठी, कार्यशालाहरु र सार्वजनिक सुनुवाइ कार्यक्रममा प्रस्तुति	लैङ्गिक समिति, शिक्षा शाखा र महिला शाखा र सम्पर्क व्यक्ति	निरन्तर	सञ्चारका तरिका, विषयवस्तु, भाषा शैली, उठेका जिज्ञासाहरुको समाधान
		विभिन्न निकायहरुसँग गरिने समन्वयका लागि छिटो, भरपर्दो र विश्वसनीय सञ्चारका साधनहरुको प्रयोग	इमेल, ह्वाट्स एप, हुलाक, कुरीयर, सहयोगी कर्मचारीको प्रयोग	विषयगत शाखा	निरन्तर	साधनको प्रयोग र सञ्चारको प्रवाह गति
		बैठक, कार्यशाला, तालिम, मामिलाहरुमा प्रभावकारी सञ्चार सिप र सहजीकरण सिपको प्रयोग				
७	बालिका तथा समावेशी शैक्षिक कार्यक्रमको प्रभावकारी कार्यान्वयनको नतिजामुखी अनुगमन तथा मूल्याङ्कन गर्ने।	बालिका तथा समावेशी शैक्षिक कार्यक्रमको निरन्तर अनुगमन	अनुगमन	अनुगमन समिति र शाखागत कर्मचारी	निरन्तर	कार्यक्रमको प्रस्ताव, गुणस्तर प्रभावकारिता
		लिका शिक्षा, अपाङ्गता भएका व्यक्ति र सीमान्तकृत समुदायका बालबालिकाहरुको शैक्षिक तथ्याङ्क सङ्कलन	वर्गीकृत तथ्याङ्कहरु उपलब्ध	शिक्षा शाखा र महिला शाखा	कार्यक्रम सञ्चालन भएको समयमा	शैक्षिक तथ्याङ्क सङ्कलक, विधि, नमुना प्रयोग, साधन, तथ्याङ्कको क्रसचेक, अन्तिमिकरण र प्रकाशन
		बालिका शिक्षा, अपाङ्गता भएका व्यक्ति र सीमान्तकृत समुदायका बालबालिकाहरुको मामिला अध्ययन, बेसलाइन सर्वेक्षण गर्ने र मध्यवधि तथा अन्तिम मूल्याङ्कन गर्ने	मामिला अध्ययन, बेसलाइन सर्वेक्षण गर्ने र मध्यवधि तथा अन्तिम मूल्याङ्कनको प्रतिवेदन	शिक्षा शाखा र महिला शाखा	निरन्तर	मामिला अध्ययन, बेसलाइन सर्वेक्षण गर्ने र मध्यवधि तथा अन्तिम मूल्याङ्कनको प्रतिवेदन
		अनुगमनबाट सङ्कलित तथ्याङ्क र मामिला अध्ययनका प्राप्ति र सुझावलाई नीति तथा योजना निर्माण र हस्तक्षेपकारी कार्यक्रममा प्रयोग	हस्तक्षेपकारी कार्यक्रमहरुको विकास	शिक्षा शाखा र महिला शाखा	निरन्तर	हस्तक्षेपकारी कार्यक्रमहरुको लागि नीति, बजेट, कार्यक्रम, प्रभावकारिता

राम प्रसाद चौधरी
नगर प्रमुख

CamScanner

राम प्रसाद चौधरी
नगर प्रमुख

	उद्देश्य	क्रियाकलाप	प्रतिफल	जिम्मेवार पक्ष	समय	अनुगमन सूचक
८	बालिका तथा समावेशी शैक्षिक कार्यक्रमको कार्यान्वयनमा सुधार गर्ने ।	विद्यालय शिक्षामा समावेशी पठनपाठनका र अतिरिक्त क्रियाकलापका कार्यक्रमहरु सञ्चालन	मूलधारका कक्षा र अतिरिक्त क्रियाकलापहरुमा बालिका, अपाङ्गता भएका र सीमान्तकृत समुदायका बालिकाहरुको निर्धक्क सहभागिता र सहायक सामग्रीहरुको पर्याप्त प्रयोग	विद्यालय, प्रधानाध्यापक र शिक्षक	निरन्तर	कक्षाको समयतालिका, विद्यार्थी उपस्थिति, सहायक सामग्रीको प्रयोग, पठनपाठन शैली, समावेशी अतिरिक्त क्रियाकलाप, लक्षित समुदायका बालिकाहरुको कक्षामा सहभागिता
		कक्षामा बसाइ व्यवस्थापनलाई समतामा आधारित बनाउने	होचा पुडका, अपाङ्गता भएका र पढाइमा पछि परेकाहरुलाई अगाडि र सहज रुपमा बस्ने शिक्षकले पढाएको सुन्ने र हेर्ने व्यवस्था	विद्यालय प्रधानाध्याक र शिक्षक	निरन्तर	कक्षाकोठा विद्यार्थी बसाइ ढाँचा र सुविधा
		बालिका, अपाङ्गता भएका र सिमान्तकृत समुदायका बालबालिकाका अभिभावकको अवसर लागत न्यूनीकरण	विपन्न परिवारका बालबालिकाहरुलाई साइकल, ह्वील चेयर, ब्रेल पुस्तक, झोला, पोसाक, स्टेसनरी सामग्री, छात्रवृत्ति रकम, खाजा खर्च, यातायात खर्च दिने मापदण्ड र बजेट विद्यालयमा उपलब्ध	कार्यपालिका, नगर शिक्षा समिति, सामाजिक विकास समिति, शिक्षा शाखा र विद्यालय	शैक्षिक सत्रको शुरुमा, बीचमा र अन्तमा	अवसर लागत न्यूनीकरणका कार्यक्रमको बजेट, कार्यक्रम कार्यान्वयन अवस्था, कार्यक्रमका लाभग्राही बालिका, र कार्यक्रमको प्रभावकारिता
		बालिका, अपाङ्गता भएका र सिमान्तकृत समुदायका बालबालिकाको सिकाइ सम्बन्धी कार्यगत सीमितता पहिचान	कार्यगत सीमितता भएका बालिकाको पहिचान	कार्यपालिका, नगर शिक्षा समिति, सामाजिक विकास समिति, शिक्षा शाखा र विद्यालय	शैक्षिक सत्रको शुरुमा	कार्यगत सीमितता प्रतिवेदन
		सीमान्तकृत समुदायका बालबालिकाहरुका लागि बहुभाषिक शिक्षण व्यवस्थापन र बहुपाठ्यपुस्तक प्रयोग	विद्यालयमा बहुभाषिक शिक्षण व्यवस्थापन र बहुपाठ्यपुस्तक प्रयोग	कार्यपालिका, नगर शिक्षा समिति, सामाजिक विकास समिति, शिक्षा शाखा र विद्यालय	निरन्तर	बहुभाषिक शिक्षण विधि र बहुपाठ्यपुस्तक पठनपाठन विधि
		खुला सिकाइ र ब्लेन्डेड मोडलका कक्षाहरुको सञ्चालन	भौतिक र अभौतिक दुवै प्रकारका पठनपाठन विधिको प्रयोग	शिक्षा शाखा र विद्यालय	निरन्तर	अनलाइन तथा अफलाइन पठनपाठन र शैक्षिक सामग्री र

राम प्रसाद चौधरी
नगर प्रमुख

	उद्देश्य	क्रियाकलाप	प्रतिफल	जिम्मेवार पक्ष	समय	अनुगमन सूचक
						उपकरण, बालिकाको वासस्थानमा उपलब्धता र प्रयोग, शिक्षकबाट हुने सिकाइ सहजीकरण

परिच्छेद ४

वित्तीय स्रोत पहिचान, व्यवस्थापन तथा जोखिम व्यवस्थापन

४.१ स्रोत पहिचान

सङ्घीय तथा प्रदेश सरकारका निकायहरुबाट प्राप्त हुने अनुदान रकम र जिन्सी सहायता परिचालन गर्ने।

स्थानीय तहको पालिका र वडा कार्यालयहरुबाट प्राप्त हुने प्राप्त हुने अनुदान रकम र जिन्सी सहायता परिचालन गर्ने।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विकासका साझेधार संस्थाहरूबाट प्राप्त हुने अनुदान रकम र जिन्सी सहायता परिचालन गर्ने।

निजी क्षेत्रबाट प्राप्त हुने अनुदान रकम र जिन्सी सहायता परिचालन गर्ने।

अन्य क्षेत्रबाट प्राप्त हुने अनुदान रकम र जिन्सी सहायता परिचालन गर्ने।

४.२ वित्तीय स्रोत व्यवस्थापन

पालिकाको वित्तीय समानीकरण र आन्तरिक स्रोतका आधारमा यथार्थ बजेट र कार्यक्रम निर्माण गर्ने।

कार्यान्वयन गर्ने पक्षले समयै रकम माग गर्ने र समयमै कार्यक्रम सम्पन्न गर्ने।

खर्चलाई लक्ष्य, मापदण्ड र बजेटको सीमाभित्र राख्ने।

स्थानीय तहको पालिका तथा वडास्तरीय बजेटका अतिरिक्त अन्य स्रोतहरुबाट वित्तीय र भौतिक सहयोगहरु जुटाउने।

४.३ वित्तीय जोखिम अनुमान र व्यवस्थाप्न

४.३.१ वित्तीय जोखिम अनुमान

बजेट रकमान्तर र संशोधन हुँदा कार्यक्रमको बजेट आंशिक वा पूर्ण रुपमा वित्तीय अनिश्चितता उत्पन्न हुनु।

पालिकाको कार्यक्रम र बजेटमा प्राथमिकता प्राप्त हुन सक्नु।

कार्यक्रम सञ्चालन गर्ने जिम्मेवारी पाएको समिति वा शाखाबाट समयमा कार्य सम्पन्न नहुँदा कार्यक्रमको बजेट खेर जानसक्नु।

कार्यविधि र मापदण्डको पालना नगर्नाले वा कार्यविधि बिना कार्यक्रम सञ्चालन गर्नाले बेरुजू भई कार्यक्रमको विश्वसनीयतामा कमी हुन सक्नु।

सङ्घीय वा प्रदेश वा स्थानीय सरकारको ऐन, कानून, नीति, नियममा हुने परिवर्तनले खर्च गर्ने मापदण्डहरु परिवर्तन हुन सक्नु।

४.३.२ वित्तीय जोखिम व्यवस्थापन

पालिकाका सम्बन्धित पक्ष र सरोकारवालाहरु बजेट रकमान्तर र संशोधनमा ध्यान दिने।

पालिका र विद्यालयस्तरीय कार्यक्रमहरु समयमै सञ्चालन गर्न प्रोत्साहन गर्ने।

बैठकको निर्णय, कार्यविधि र खर्च गर्ने मापदण्ड बमोजिम बजेट खर्च गर्ने।

कार्यक्रमको योजना, कार्यान्वयन प्रक्रियामा हुन सक्ने मानवीय त्रुटिहरु प्रति सचेत र सजग रहने।

प्राविधिक र खरिद प्रक्रिया सम्बन्धी विषय विज्ञको सहयोग लिएर कार्यक्रम सञ्चालन गर्ने।

कार्यक्रम तयारी बैठक र समीक्षा बैठकहरु गर्ने।

स्वीकृत मिति :- २०८२/०५/११

राज प्रसाद चौधरी
नगर प्रमुख